# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, जेठ ७ गते २०३१ साल

श्री ५ को सरकार

### मन्त्रिपरिषद् सचिवालयको

### सूचना

खाद्य, कृषि तथा सिंचाइ मन्त्रालयका कायम मुकायम सचिव श्री कर्णध्वज अधिकारी मिति २०३१।१।६ देखि वासिङ्टनतर्फ गएकोले निजको अनुपस्थितिमा निजामती सेवा नियमावली (संशोधन सहित), २०२१ को नियम ८.२ को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले मिति २०३१।१।६ देखि सोही मन्त्रालयका सह-सचिव श्री भोगेन्द्रनाथ रिमाललाई कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले–
प्रद्युम्नलाल राजभण्डारी
श्री ५ को सरकारको मुख्य सचिव

श्री ५ को सरकार

### मन्त्रिपरिषद् सचिवालयको

### सूचना

कानून तथा न्याय मन्त्रालयका सचिव श्री चूडामणिराज सिंह मल्ल २०३१।१।२४ देखि काजमा जानु भएकोले उहाँ हाजिर नभएसम्म सो पदमा निजामती सेवा नियमावली (संशोधन सहित), २०२१ को नियम ८.२ (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह–सचिव श्री त्रिभुवनप्रताप राणालाई मिति २०३१।१।२४ देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले–
प्रद्युम्नलाल राजभण्डारी
श्री ५ को सरकारको मुख्य सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

900

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।